नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ बानेश्वर, काठमाडौं

प.सं.: ०८१/८२
च.न ७४

मितिः- २०८१।०८/१२

**विषयः तालिममा सहभागी गराइदिने सम्बन्धमा।**

श्री स्थानीय तहहरु सबै।

यस केन्द्रले मिति २०८१/०८/२३ देखि २०८१/०८/३० गते सम्म सहकारी संघसंस्थाका सदस्य/पदाधिकारी/कर्मचारीहरुका *लागि सात (७) कार्यदिने सहकारी व्यावसाय प्रवर्द्धन* तालिम संचालन गर्न लागेको हुँदा तहाँ अन्तर्गत रहेका वचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी सघं संस्था बाहेक कुनै एक सहकारी संघ संस्थाका पदाधिकारी/व्यवस्थापक/कर्मचारी मध्ये एक जनालाई तालिममा सहभागिताका लागि मनोनयन गरी देहायको ढाँचा (Format) मा यस केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा पठाइदिनुहुन मिति २०८१/०८/ १२ को निर्णयानुसार अनुरोध छ।

सहभागी मनोनयनको ढाँचा र अन्य व्यवस्था यस प्रकार खुलाईएको व्यहोरा अनुरोध छ।

**सहभागी मनोनयनको ढाँचाः**

| क्र.सं. | सहभागीको नाम थर | पद | कार्यरत संघ/संस्थाको नाम र ठेगाना | सहभागीको मोवाइल नम्वर | सहभागीको ईमेल ठेगाना (E-mail Address) | यस केन्द्रको छात्रावासको सुविधा उपयोग गर्ने की नगर्ने ? |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**(क) सहभागीको सुविधा सम्वन्धी व्यवस्थाः**

(१) **सहभागीहरुलाई तालिम संचालन दिनको खानाबापत दैनिक रु. ४०० भत्ता उपलब्ध गराईनेछ र तोकिएबमोजिम आते जाते यतायात खर्च यस केन्द्रबाट उपलब्ध गराईने छ।** तर हवाई यातायात खर्च उपलब्ध गराईने छेन।

(२) तोकिएका सत्रमा अनुपस्थित हुने सहभागीलाई दैनिक भत्ता, यातायात खर्च तथा प्रमाणपत्र समेत प्रदान गरिनेछैन।

(२) तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागीको इमेलमा उपलब्ध गराइनेछ।

**(ख) तालिममा सहभागी हुन आवश्यक पर्ने कागजातः-**

तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ। यसका लागि www.ctrc.gov.np मा गई Online Training मा Click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ।

(१) सहभागीको पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(२) सहभागीको मोबाइल नं. र ईमेल ठेगाना समेत खुलाई सम्बन्धित निकायको मनोनयनपत्र,

**(ग) सहभागीहरुले पालना गर्नुपर्ने आचार संहिता**

(१) सहभागीहरुले मनोनयन पत्र पठाउँदा नै आवास सुविधा लिने नलिने खुलाउनु पर्नेछ।(पहिले आउनेलाई पहिले प्राथमिकता दिईनेछ)

(२) तालिम विहान १०:०० बजेदेखि साँझ ०५:०० बजेसम्म संचालन हुनेछ।

(३) तालिममा सहभागी हुने कर्मचारीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नुपर्नेछ।

(४) तालिमको अवधिभर औपचारिक पोशाकमा रहनुपर्नेछ।

(५) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन।

**(६) यस केन्द्रबाट गत आ.व.मा संचालित कुनै पनि तालिम लिएका व्यक्तिहरु तथा संस्थाहरु यस तालिममा सहभागी हुन पाइनेछैन। एक स्थानीय तहबाट एक जनाभन्दा बढीलाई तालिममा सहभागी गराईने छैन।**

**(७) ) सम्बन्धित स्थानीय तहबाट मनोनयन भईसकेपछि सहभागीहरुले केन्द्रसँग सम्पर्क राखि अनिवार्य रुपमा online फाराम भरी सम्पर्क व्यक्तिसँग सम्पर्क-समन्वय गर्नुपर्नेछ। अन्यथा तालिममा सहभागी गराईने छैन।**

(८)आचार संहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

**सम्पर्क व्यक्तिः**

नायब सुब्बा श्री निरोज पौडेल (९८४३४६४३९१)
नायब सुब्बा श्री पुष्पकुमार पौडेल ( ९८५१०९७७८१)

(श्याम शरण गैह्रे)
सहकारी प्रशिक्षक